यस व्यास नगरकार्यपालिकाको १७२ औं बैठक आज मिति २०८०/०५/२२ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मन बहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णु कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्ण प्रसाद न्यौपाने | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दल बहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेत बहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री गंगालाल सुवेदी | उपस्थित |
| का.वा. अध्यक्ष वडा नं. ३ | - श्री बिनु श्रेष्ठ | उपस्थित |
| का.वा. अध्यक्ष वडा नं. ७ | - श्री सुवास वाग्ले | उपस्थित |
| अधिकृत सातौं | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: २०८०/५/७ को कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: बुधबारे हाट बजार सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.३: अभिमुखीकरण कार्यक्रम सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.४: पुराना भवनका शाखा उपशाखा बहुउद्देश्यीय भवनमा स्थानान्तरण सम्बन्धमा ।
प्रस्ताव नं.५: बाँदर पिडित किसानहरुको सिफारिस सम्बन्धमा ।
प्रस्ताव नं.६: पुराना सडक र नयाँ खोलिएको सडकको मापदण्ड सम्बन्धमा ।
प्रस्ताव नं.७: दरैहरुलाई जग्गा सोधभर्नाका लागि माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.८: खेलकुद क्लव सूचीकृत सम्बन्धमा ।
प्रस्ताव नं.९: विभिन्न पार्क अध्ययन गरी प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१०: नगरपालिका क्षेत्रभित्र साइनबोर्ड, होडिङ्ग बोर्ड व्यवस्थित गर्न विज्ञापन प्रकाशन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.११: सटर कबुल नामसारी तथा धरौटी रकम जम्मा गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२: लोक कल्याणकारी विज्ञापन सम्बन्धमा ।
प्रस्ताव नं.१३: विभिन्न योजनाको टेण्डर सम्बन्धमा ।
प्रस्ताव नं.१४: सामाजिक सुरक्षा भत्ता नवीकरण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१५: साझेदारी विकास कोष र कार्यपालिका बैठक सम्बन्धमा ।
प्रस्ताव नं.१६: बैरेनी जग्गा विकास आयोजनामा कार्यरत प्राविधिक कर्मचारी भत्ता सम्बन्धमा ।
प्रस्ताव नं.१७: विद्यालय शिक्षक कर्मचारी सम्मान निर्देशिका सम्बन्धमा ।
प्रस्ताव नं.१८: अनुदान कोटा शिक्षक सम्बन्धमा ।
प्रस्ताव नं.१९: विद्युत ट्रान्सफर्मर हस्तान्तरण सम्बन्धमा ।
प्रस्ताव नं.२०: जिन्सी सामग्री लिलाम गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२१: अत्यावश्यक एवं विपद्जन्य कार्यमा बजेट विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.२२: करार सेवाका कर्मचारीलाई विदाई एवं सुविधा प्रदान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२३: पशु चिकित्सक करार सेवामा नियुक्ति सम्बन्धमा ।
प्रस्ताव नं.२४: विद्युत पानीको महशुल सम्बन्धमा ।
प्रस्ताव नं.२५: 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र नवीकरण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२६: व्यास ८ को वडा कार्यालयका लागि आवश्यक जग्गा लिने सम्बन्धमा ।
प्रस्ताव नं.२७: नारेश्वर तालको थप जग्गा प्राप्ति प्रकृया सम्बन्धमा ।
प्रस्ताव नं.२८: नगरपालिका भित्र गरिव परिवार पहिचान सम्बन्धी मार्गदर्शन सम्बन्धमा ।
प्रस्ताव नं.२९: सरसफाई कर्मचारी सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:**प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८०/५/७ गते भएको कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२:**प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा दमौली बजारमा परम्परागत रुपमा स्थानीय उत्पादन विकी वितरण गर्न विगतमा सञ्चालनमा रहेको बुधबारे हाट बजार मिति २०८०/६/३ गते बुधबार संविधान दिवसको अवसरमा व्यास नगरपालिका वडा नं. ३ कृषि उपज बिकी केन्द्र र अनसन चौतारी नजिकको चौरमा पुन हरेक हप्ता बुधबार सञ्चालन हुने गरी प्रारम्भ गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:**प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा नगरपालिका अन्तर्गतका योजनाहरुको सम्झौता प्रकृया सम्बन्धमा कार्यपालिकाका सबै सदस्यहरु, प्रत्येक वडाबाट १/१ जना वडा सदस्य, वडा सचिव,

प्राविधिकहरुको अभिमुखीकरण कार्यक्रम मिति २०८०/५/२७ गते १ बजे नगरसभा हलमा राख्ने निर्णय गरियो ।

**निर्णय नं.४:**प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा हाल सञ्चालनमा आएको बहुउद्देश्यीय भवनमा पुराना भवनमा रहेको शाखा, उपशाखाहरु स्थानान्तरण गर्ने र पुराना भवन अमानतमा भत्काउने निर्णय गरियो । साथै पसल रहेको पुरानो भवनमा रहेको पसल नं.९ का जुननारायण श्रेष्ठले १२ महिनाको रकम रू.४,२३,८५७/- बुझाउनु पर्नेमा नबुझाएको हुँदा पसलमा ताला लगाईएकोमा निजले २०८० साल कार्तिक मसान्तसम्म तीन किस्तामा बुझाउने छु भनि प्रतिवद्धता पत्र पेश गरेकोले उक्त समयसम्मलाई म्याद दिई ताला खोल्ने साथै उक्त भवनमा रही नियमित भाडा बुझाउने पसलहरुलाई हाल चाडवाडको समय भएकाले भाडामा बस्नेले चाहेमा तहाँ रहेका पसलहरुलाई २०८० कार्तिक मसान्तसम्मका लागि समय थप गर्ने निर्णय  गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका बाँदर पिडित किसानहरुको मुचुल्का निर्माण गर्न र राहत प्राप्त गर्न गरिने सिफारिस निःशुल्क गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:**प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाका वडाहरुमा रहेका कालोपत्रे ग्राभेल र कच्ची सडकहरुको विवरण वडामा पठाईएकोमा सो को अध्ययन गरी आ-आफ्नो वडामा रहेका सबै सडकहरुको भएको मापदण्ड र नयाँ खोलिएका बाटोहरुको हुनुपर्ने मापदण्ड खुलाई वडा समितिको बैठकबाट निर्णय गरी नगरपालिकामा पठाउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा २०२५/२०२६ सालमा बन्दिपुरबाट दमौली सदरमुकाम सार्दा दरैहरुलाई दिनुपर्ने जग्गा सोधभर्नाको कार्य अझै पुरा नभएकाले जग्गा उपलव्ध गराउन नेपाल सरकारसँग अनुरोध गरी सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:**प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका खेलकुदसँग सम्बन्धित क्लवहरुलाई २०८० को आश्विन महिनाभित्र सुचिकृत गर्न नगर खेलकुद समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. २ मा रहेको गणेशमान पार्कको शालिक क्षेत्र, बुद्धपार्क क्षेत्र, वडा नं. ३ मा भएको महर्षि पार्क क्षेत्रको अध्ययन गरी व्यवस्थित गर्न सुझाव प्रतिवेदन पेश गर्न पूर्वाधार तथा योजना शाखालाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा नगरपालिका क्षेत्रभित्र साइन बोर्ड, होडिङ्ग बोर्ड लगायतका माध्यमबाट गरिने विज्ञापनलाई व्यवस्थित गर्न वार्षिक न्यूनतम १२ (बाह्र) लाख रकम तोकी २ आर्थिक वर्षका लागि विज्ञापन करको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा नगरको स्वामित्वमा रहेको बहुउद्देश्यीय भवनको कवल नं.१०५ मा भाडामा बस्दै आउनु भएको श्री सुमन पण्डितले यस नगरपालिकालाई पसल छाडेको सूचना दिने र निजको स्थानमा श्री राजकुमार श्रेष्ठले साविक समय सुमन पण्डितले बुझाउँदै आएको साविक भाडा तिरी व्यवसाय गर्न मन्जुर भएकोले निज बसेको मितिदेखि लागू हुने गरी राजकुमार श्रेष्ठको नाममा नामसारी गर्न र नियमानुसारको धरौटी रकम जम्मा गर्न स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा लोक कल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०८० अनुरुप सूचना प्रकाशित भएकोमा प्राप्त भएका दरखास्तहरुको अध्ययन गरी आधार पुगेका समितिबाट सिफारिस भै आएका सञ्चार माध्यमहरुसँग सम्झौता गर्न स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाका तपसिल बमोजिमका चार वटा योजनाहरुको टेण्डर गरिएको व्यहोरा जानकारी प्राप्त भयो ।

(१) वडा नं.१३ को वडा कार्यालयको पूर्णता ।
(२) वडा नं.५ मानुहुँकोट मन्दिर निर्माण ।
(३) वडा नं.८ को कालिका मार्ग निर्माण ।
(४) वडा नं.१२ को कर्लुङ्ग कमलाबारी सडक ढलान ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा गत आ.व.को तथ्याङ्क अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको मध्ये करिव ७८ प्रतिशत लाभग्राहीले नवीकरण गरेको जानकारी प्राप्त भयो । २०८० भाद्र मसान्तसम्म नियमानुसार नवीकरण गर्न वडा कार्यालयहरुले थप क्रियाशिलता देखाउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगर साझेदारी विकास कोष सञ्चालन सम्बन्धमा साझेदारी कोष सञ्चालक समिति र कार्यपालिका सदस्यहरु बीचको बैठक मिति २०८० भाद्र २७ गते १:०० बजे बस्ने निर्णय गरियो।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको बैरेनी जग्गा एकीकरण आयोजना तर्फ कार्यरत प्राविधिक कर्मचारीहरु आयोजना समयमा नै पूर्ण गर्न बिहान बेलुका अतिरिक्त समय पनि खटाउनु पर्ने भएकाले आ.व. २०८०/०८१ का लागि नगरपालिकाका ईन्जिनियरिङ्ग तर्फका प्राविधिकले तहगत रुपमा पाए सरहको अतिरिक्त सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका उत्कृष्ट शिक्षक कर्मचारी सम्मान कार्यक्रम सञ्चालन निर्देशिका, २०८० संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा १ वर्षे अनुदान कोटामा विज्ञान, अंग्रेजी, गणित विषयमा मात्र शिक्षक विज्ञापनद्वारा नियुक्त गर्न वा यस अघि नियुक्त शिक्षक कार्यरत रहेमा निजको पढाई सन्तोषजनक भएमा विद्यालय व्यवस्थापन समितिको निर्णयबाट निरन्तरता दिने भनि गरिएको निर्णय पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा जिल्ला समन्वय समिति, तनहुँबाट नगरपालिकालाई प्राप्त भएको २ थान विद्युत ट्रान्सफर्मर मध्ये नगरमा नियमित खानेपानी उपलब्ध गराउने कार्यलाई सहज बनाउन एक थान ट्रान्सफर्मर दमौली खानेपानी उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा जिन्सी निरीक्षण प्रतिवेदनले लिलाम बिक्री गर्न भनि उल्लेख गरेको सामाग्रीहरु र सिशाघाट आयुर्वेद औषधालयको भवन निर्माणका क्रममा काटिएका रुख, पुराना काठ, टिन समेतका अन्य सामाग्रीहरु नियमानुसार लिलाम गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका विपदजन्य एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो । उक्त कार्यक्रमहरु सञ्चालन गर्दा नियमानुसार सम्बन्धित शाखासँग सम्पर्क गरी सम्झौता गर्ने र कार्य सम्पन्न भएपश्चात् सम्बन्धित वडाबाट कार्यसम्पन्न भएको भनी भुक्तानीको लागि सिफारिस पत्र ल्याउनु पर्नेछ ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | आदिकवि भानुभक्तy-adabt तालिम सञ्चालन सहयोग | १ | ३०,०००। | ७२ |
| २. | नारायण पाण्डे विपदबाट गाडी क्षती राहत | १ | २०,०००। | विपद |
| ३. | ABCकेबल खरिद | १ | ५०,०००। | ८२४ |

| | | | | |
|---|---|---|---|---|
| ४. | बहुउद्देश्यीय भवन परिसर मर्मत संभार | ३ | ९,२७,०००। | ८२५ |
| ५. | जेष्ठ नगरिक आश्राम | ३ | २,००,०००। | ९३ |
| ६. | वडा कार्यालय व्यवस्थापन | ३ | २,००,०००। | ६६ |
| ७. | दमौली एक्सप्रेस साप्ताहिक भुक्तानी | ३ | ३६,०००। | ३९ |
| ८. | मदर्शा आधारभूत विद्यालय अधुरो भवन निर्माण | ४ | ५,००,०००। | ४८१ |
| ९. | पवित्रा मार्ग १३ फुटे विस्तार वडा बजेट २ लाख समेत | ४ | २,७४,०००। | ४८९ |
| १०. | कृष्ण जन्माष्टमी पर्व व्यवस्थापन प्रमोद न्यौपाने | ४ | ४०,०००। | ७२ |
| ११. | जुडिपानी टोल खानेपानी व्यवस्थापन | ४ | ५०,०००। | ८३१ |
| १२. | चापाटार टोल खानेपानी पाईप व्यवस्थापन | ५ | २०,९००। | ८३१ |
| १३. | खेत सिंचाई ईनारको पहिरो हटाउने | ५ | ३०,०००। | विपद |
| १४. | भिमसेन गुठी बधशाला मर्मत निर्माण | ६ | ५०,०००। | ८७७ |
| १५. | मन बहादुर दरैको घर संरक्षण भुक्तानी | ७ | ५०,०००। | विपद |
| १६. | गैह्रीकुलो स्ल्याव निर्माण | ८ | ३०,०००। | ८२३ |
| १७. | पुलिमऱ्याङ्ग बाटो मर्मत | ८ | १,२०,०००। | विपद |
| १८. | डिहिकुवा टोल खानेपानी पाइप खरिद | १० | १३,५००। | ८३१ |
| १९. | दुम्सी कृषिउपज केन्द्र रङ्गरोगन, शौचालय निर्माण | १० | ३,६८,०००। | ११२ |
| २०. | दुम्सीकोट अधुरो भ्यूटावर निर्माण | १० | ३,८२,५००। | १३४ |
| २१. | महाकाली मन्दिर पछाडि पहिरो हटाउने कार्य | १० | २५,०००। | विपद |
| २२. | खुदेली पंधेरो पहिरो हटाई मर्मत | १० | ६०,०००। | विपद |
| २३. | शिव बहादुर अधिकारी, खेत सिंचाई पाईप खरिद | ११ | ७०,०००। | ८२३ |
| २४. | घाँसीकुवा स्वास्थ्यचौकी, रंगरोगन र विद्युत वायरिङ्ग | १२ | २,९०,०००। | ८२१ |
| २५. | ध्रुव बहादुर भण्डारी, सिँचाई पाइप खरिद | १२ | ४०,०००। | ८२३ |
| २६. | अपाङ्ग विद्यार्थी किरण साहको मृत्यु भई म्याग्दी जिल्ला लगी लास व्यवस्थापन गर्न | १३ | २८,०००। | ९० |
| २७. | पदम बहादुर आले, खेत सिंचाई पाईप खरिद | १३ | ३०,०००। | ८२३ |
| २८. | छाब्दी आरुबोटे खोल्सीमा बक्स कल्भर्ट निर्माण | १४ | ३,५०,०००। | ८७७ |
| २९. | शिक्षा शाखाले ८ कक्षाको परिक्षा सञ्चालनको गत आ.व. का रकम | | ७,७८,५११। | ७९ |
| ३०. | रोट्याक्ट कोशेली विज्ञापन शुल्क | | १५,०००। | ३९ |
| ३१. | सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ कार्यक्रम | | २४,६००। | ७२ |

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा लामो समयसम्म कार्यरत केही कर्मचारीहरुको उमेर लगायत विविध कारणले २०८० श्रावण १ गते देखि म्याद थप नभई विदाई

भएकाले त्यस्ता कर्मचारीहरुको सेवाका लागि धन्यवाद ज्ञापन गर्दै निज कर्मचारीहरुलाई विदाई एवं निम्न लिखित सुविधा सम्मान स्वरुप प्रदान गर्ने निर्णय गरियो ।

| सि.नं. | कर्मचारीको नामथर | पद/तह | सेवा अवधी | पाउने रकम |
|---|---|---|---|---|
| १. | श्री शुसिल खनाल | स.ई.पाँचौं | ५ वर्ष ११ महिना | ६५,०००/- |
| २. | श्री सिता दरै | कुचीकार | १४ वर्ष १० महिना | १,४०,०००/- |
| ३. | श्री सममायां दरै | कुचीकार | १४ वर्ष १० महिना | १,४०,०००/- |
| ४. | श्री नानुमायां गैह्रे | कुचीकार | ६ वर्ष ११ महिना | ५७,०००/- |
| ५. | श्री विर बहादुर दरै | कुचीकार | ५ वर्ष १० महिना | ४०,०००/- |
| ६. | श्री भिम बहादुर दरै | कुचीकार | ६ वर्ष १० महिना | ४०,०००/- |
| ७. | श्री गोविन्द बोटे | कुचीकार | ४ वर्ष ११ महिना | ३०,०००/- |
| ८. | श्री बिष्णुमायां बि.क. | कुचीकार | १ वर्ष १५ दिन | २०,०००/- |
| ९. | श्री नरिश्वर सापकोटा | कार्यालय सहयोगी | १ वर्ष ३ महिना | १५,०००/- |
| | | | **जम्मा** | **५,३३,०००/-** |

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका पशु विकास शाखामा करारमा काम काज गर्ने गरी एक पशु चिकित्सकको विज्ञापन गरिएकोमा पदपूर्ति समितिको सिफारिस बमोजिम व्यास नगरपालिका वडा नं.१ निवासी श्री संजय श्रेष्ठलाई मिति २०८० आश्विन १ गतेदेखि लागू हुने गरी करारमा नियुक्ति गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा नगरपालिका मातहत रहेको व्यास २ स्थित बालकल्याण भवनको दाश्रो तल्लामा कम्युनिटी सपोर्ट ग्रुप भाडामा बस्दै आएकोमा उक्त संस्थाले पानीको मात्र रकम बुझाउँदै आएकोमा २०८० श्रावण १ गतेदेखि विद्युत महशुल उक्त तल्लाको सव-मिटरमा आएको र पानीको एक तिहाई रकम बुझाउने गरी सम्झौता गर्नु गराउनु हुन राजश्व शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठित 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत पत्र मूल्याङ्कन समितिको सिफारिस अनुसार व्यास ५ निवासी गोवर्धन थापाको ईजाजत व्यास नगरपालिका निर्माण व्यवसायी ईजाजत पत्र नियमित गर्ने कार्यविधी २०७७ (संसोधन २०८०) अनुसार दस्तुर लिई नविकरण गर्ने सिफारिस अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.८ को कार्यालय साविक रिस्ती गा.वि.स. कार्यालय भवनमा सञ्चालन हुँदै आएकोमा वडा कार्यालयको भवन जिर्ण भई नयां भवन निर्माणका लागि २०८० आषढमा भएको ३९औं नगर सभाबाट बजेट विनियोजन भई निर्माण कार्य अघि बढाउन जग्गा नापी गर्दै जांदा वडा कार्यालयको कम्पाउण्ड वाल भित्र साविक गा.वि.स. देखि भोगचलन हुंदै आएको जग्गा साविक मिर्लुङ्ग १/क कि.नं.६३२ श्री ईश्वर पौडेलका नाउँमा ०-३ -२-२ जग्गा र कि.नं.६३३ श्री पुरुषोत्तम पौडेलका नाउँमा ०–३–२–२ जग्गा व्यक्तिको नाउँमा रहेको पाईयो । सो जग्गा मध्ये कि.नं.६३३ को आधा जति भागमा हाल वडा कार्यालयको भवन समेत रहेको देखिंदा उक्त जग्गाहरु जग्गा प्राप्ति ऐन अनुसार यस नगरपालिकाका नाउँमा ल्याउनका लागि जिल्ला समन्वय समिति तनहुं, जिल्ला प्रशासन कार्यालय तनहुंको सिफारिस समेत लिई प्रकृया अघि बढाउन व्यास नगरपालिकाका अधिकृत आठौं श्री कुमार कंचन जि.सी.लाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

**निर्णय नं.२७:** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा नगरकार्यपालिकाको मिति २०८०/३/५ को निर्णय नं.११ मा नारेश्वर तालको जग्गा प्राप्ति प्रकृया अघि बढाउन निर्णय भईसकेकाले सो जग्गा खरिदको लागि ३९औं नगर सभाबाट रकम विनियोजन भएकाले जिल्ला समन्वय समिति तनहुं र जिल्ला प्रशासन कार्यालय तनहुंको सिफारिस समेत लिई प्रकृया अघि बढाउन व्यास नगरपालिकाका अधिकृत आठौं श्री कुमार कंचन जि.सी.लाई प्रतिनिधि मुकरर गर्ने निर्णय निर्णय गरियो ।

**निर्णय नं.२८:** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका भित्र सबै वडाहरुमा बसोवास गर्ने गरिव परिवार पहिचान तथा परिचय पत्र वितरण सम्बन्धी मार्गदर्शन २०८० पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.२९:** प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदाव्यास नगरपालिका कार्यालयमा रिक्त कार्यालय सहयोगी र सरसफाईमा काम गर्ने कुचीकार पदमा सेवा करार गरी निम्न व्यक्तिलाई निम्न मितिदेखि लागू हुने गरी निम्न पारिश्रमिक दिने निर्णय गरियो ।

| सि.नं. | नामथर | ठेगाना | पारिश्रमिक | लागू हुने मिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री दुर्गादेवी थापा | व्यास न.पा. ७ | २१,२७५/- | २०८०।५।७ | |
| २. | श्री टुकुमायां दरै | व्यास न.पा. १० | १५,००० - | २०८०।४।१ | |
| ३. | श्री रवि ज्ञामी मगर | व्यास न.पा. १३ | २०,०००/- | २०८०।४।३ | |
| ४. | श्री अरविन राना | व्यास न.पा. १३ | २०,०००/- | २०८०।४।३ | |
| ५. | श्री विशाल परियार | व्यास न.पा. ४ | २०,०००/- | २०८०।४।३ | |
| ६. | श्री प्रकाश बोटे | व्यास न.पा. ५ | २०,०००/- | २०८०।४।३ | |
| ७. | श्री गोविन्द कुमाल | व्यास न.पा. ५ | २०,०००/- | २०८०।४।३ | |
| ८. | श्री इन्द्रमायां कुसुण्डा | व्यास न.पा. १० | २०,०००/- | २०८०।५।१ | |

***